आज मिती २०७६/०८/२१ गते शनिवारका दिन यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री जीत बहादुर राईज्युको अध्यक्षतामा गाउँपालिकाको सभाहलमा गाउँकार्यपालिकाको ७६ औ बैठक बसी निम्न बमोजिमको उपस्थितिमा देहाय बमोजिमको प्रस्ताबहरु माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | जीत ब. राई | गा.पा. अध्यक्ष | |
| २ | सावित्रा भट्टराई | गा.पा. उपाध्यक्ष | |
| ३ | याम कुमार कार्की | वडाध्यक्ष | |
| ४ | डम्बर ब. सुवेदी | वडाध्यक्ष | |
| ५ | याम प्रसाद लामा | वडाध्यक्ष | |
| ६ | गणेश कुमार राई | वडाध्यक्ष | |
| ७ | दाताराम संजेल | वडाध्यक्ष | |
| ८ | भवानी प्रसाद लिंङ्दम | वडाध्यक्ष | |
| १० | कविता राई | कार्यपालिका सदस्य | |
| ११ | मिरादेवि खवास | कार्यपालिका सदस्य | |
| १२ | सोम कुमारी साउदेन | कार्यपालिका सदस्य | |
| १२ | मन कुमारी लिम्बू | कार्यपालिका सदस्य | |
| १३ | वीर ब. देवान | कार्यपालिका सदस्य | |
| १४ | याम ब. बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रप्रकाश बस्नेत | सचिव | |
| अन्य उपस्थिति | | | |
| १६ | मान बहादुर पौडेल | अधिकृत छेटौ | |
| १७ | | | |
| १८ | | | |

प्रस्तावहरु

१। कार्यक्रममा समावेस गरि बजेट माग गर्ने सम्बन्धमा ।

२। नविकरणिय उर्जा प्रविधि कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

३। रहत रकम उपलब्ध गराउने सम्बन्धमा ।

४। गाउँपालिकाको सूचना र समाचार संप्रेषण सम्बन्धमा ।

निर्णयहरु

१। माईजोगमाई गाउँपालिकाको तपशिलका वडा कार्यालय जोडने र पर्यटकिय महत्वका मुख्य मुख्य सडक खण्डहरुको स्तरोन्नती गर्न अति आवश्यक भएको हुँदा सम्बन्धित मन्त्रालयको कार्यक्रममा समावेस गरि आवश्यक बजेट मागको लागी डिपिआर प्रतिवेदन सहित लेखि पठाउने निर्णय गरियो ।

| क्र. सं. | योजनाको नाम र ठेगाना | माग गर्ने मन्त्रालयको नाम | कैफियत |
|---|---|---|---|
| १। | नयाँबजार प्याङ पञ्चमी सडक खण्ड स्तरोन्नती आयोजना | श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | डिपि आर तयार भएको |
| २। | नयाँबजार शंखावुङ खोल्मे वडा नं. २ वडा कार्यालय सडक स्तरोन्नती आयोजना | श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | |
| ३। | नयाँबजार थुम्के जौवारी मेग्मा सडक स्तरोन्नती आयोजना | श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | |
| ४। | सात तले झरना पर्यटन पुर्वाधार विकास आयोजना | श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय/ श्री संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | |

२। यस गाउँपालिकाको आ.व. २०७६/०७७ को गाउँसभावाट स्विकृत तथा सशर्त अनुदान तर्फको नविकरणिय उर्जा प्रविधिहरु (सौर्य उर्जा र वायोग्याँस) मार्फत उर्जा उत्पादन र परिप्रयोग कार्यक्रम कार्यान्वयन निम्नानुसार गरिने निर्णय गरियो ।

| क्र.सं. | कार्यक्रमको नाम | बजेट रकम रु | संख्या | अनुदान रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १. | वायोग्याँस प्लान्ट स्थापना अनुदान | ७ लाख ९५ हजार | ५३ वटा | प्रति प्लान्ट रु १५ हजार अनुदान | आर्थिक/सामाजिकरुपले विपन्न परिवारलाई वितरण गरिने |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | सौर्य उर्जा अनुदान | २ लाख २० हजार | २२ वटा | प्रति सोलार रु १० हजार अनुदान | |

३। आर्थिक रुपमा विपन्न यस गाउँपालिकामा स्थायी वसोवास गर्ने निम्न व्यक्ति/परिवारलाई औषधि उपचारार्थ राहत रकम उपलब्ध गराउने निर्णय गरियो ।

| क्रसं. | व्यक्ति तथा परिवारको नाम | रोगको प्रकार | राहत रकम रु . | कैफियत |
|---|---|---|---|---|
| १. | श्रीमती विरु शेर्पा | **VHD: Severe MR presented in CCF NYHA-IV in AF with FVR** | २० हजार | वडा सिफारिस र अस्पतालको प्रमाण पत्र |

४। स्थानीय सञ्चार माध्यम रेडियो बुद्दवाणी ईलामले मिति २०७६ मंसिर १९ को **radiobuddhabani.com.np** मा प्रकाशित अनलाईन पत्रिका खवरले यस गाउँपालिकाको निर्णयमा नभएका बिययहरु समावेस गरि हुँदै नभएको विषयको अस्वभाविक शिर्षक राखि स्थानीय सरकार एवं स्थानीय सरकार प्रमुखको समेत मानमर्दन हुनेगरि सूचना संप्रेषण गरेको विषय प्रति यस गाउँकार्यपालिकाको गंभिर ध्यानाकर्षण भएको छ । गाउँपालिकाको गतिविधि तथा निर्णयहरुको विषयमा समाचार संप्रेषण गर्दा गाउँपालिकाको प्रवक्ता तथा सूचना अधिकारीबाट आधिकारिक सूचना प्राप्त गरि सुचना संप्रेषण गर्न हुन आमसञ्चारकर्मीहरुलाई ध्यानाकर्षण गराउने निर्णय गरियो ।